# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपाल बंगलादेश प्रस्थान

गभर्नर डा. चिरंजीबि नेपाल SAARCFINANCE Group Meeting, SAARCFINANCE Governors' Symposium र Asian Clearing Union को Board Meeting मा सहभागी हुन आज जेठ २८ गते बंगलादेशको ढाका प्रस्थान गर्नुभयो। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) का सदस्य मुलुकहरुका गभर्नर र अर्थसचिव सदस्य रहने SAARCFINANCE को बैठकमा सदस्य मुलुकहरुको आपसी हितका बारेमा छलफल हुनेछ । Financial Inclusion मुख्य बिषय रहेको Governors' Symposium सदस्य मुलुकहरुमा वित्तीय समावेशिताको स्थिति, वित्तीय समावेशितका सम्बन्धमा गरिएका प्रयास तथा भावी रणनीतिहरुका बारेमा केन्द्रित रहनेछ । एसियाका नौ मुलुकका गभर्नर सदस्य रहने Asian Clearing Union को Board Meeting मा भुक्तानी प्रणालीको सरलीकरण र सुदृढीकरणका विषयमा छलफल हुनेछ । ढाकामा रहँदा उहाँले नेपालमा गएको भूकम्पबाट पुगेको क्षति र पुनर्निर्माण तथा पुनर्स्थापनाका सम्बन्धमा समकक्षीहरुसँग भेटवार्ता समेत गर्नु हुनेछ । गभर्नर डा. नेपालको जेठ ३१ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ।

२०७२ जेठ २८, विहीबार

गभर्नरको कार्यालय